देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
कोशी प्रदेश, नेपाल

## औषधि खरिद सम्बन्धि दरभाउ पत्र आहवानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३**

यस गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को लागि सार्वजनिक खरिद एन २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम विभिन्न औषधि तथा औषधि जन्य सामग्रीहरु दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले निम्न सर्तको अधिनमा रही विधुतीय प्रणालीको माध्यमबाट बोलपत्र पेश गर्न आहवान गरिएको छ.

**शर्तहरुः**

१. इच्छुक दरभाउपत्र दाताले यस कार्यालयको नाममा रहेको NIC ASIA बैंकको आन्तरिक राजश्व खाता नं. २४३२०५००२६४५५००७ मा फारम दस्तुर र विड सेकुरेटी रकमको बोलपत्रक खोल्ने दिन देखि ९० दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा.को धरौटी कोष खाता नं.२४३CA५००२१९१७००२ मा जम्मा गरेको बैंक भौचर औषधि व्यस्था बिभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं. मु.अ.क. दर्ता सहित आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपिहरु सहित सूचना प्रकाशित मितिले ३१ दिन १२:०० बजे सम्म विधुतीय प्रणालीको माध्यमबाट दर्ता गर्न सकिने छ.

२. दर्ता भएका दरभाउपत्रहरु अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगंज गाउँपालिकाको कार्यालय देवानगंजमा खोलिने छ. दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थिति नभएपनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन. दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यालयहरु बिदाको भोलिपल्ट कार्यालय खोलेको दिन सोहि बमोजिम हुनेछ.

३. दरभाउ पत्र भर्दा मु.अ.क. बाहेकको दर रेट उल्लेख गर्नुपर्ने छ. अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ. केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहि छाप भएको हुनु पर्ने छ.

४. औषधि आपूर्ति गर्दा WHO GMP Certified Company हरु बाट उत्पादित औषधिहरु आपूर्ति गर्नुपर्ने छ.साथै औषधिहरुको Expiry Date आपूर्ति गरिने समय देखि कम्तिमा १८ महिना सम्म रहनुपर्ने छ.

५. बोतलमा प्याकिंग हुने औषधिहरु सबै प्लास्टिकको बोतलमा हुनुपर्ने छ.

६. औषधि आपूर्ति गर्दा औषधिको लेवेलमा "नेपाल सरकार बाट निःशुल्क वितरणको लागि" भन्ने लोगो हुनु पर्ने छ.

७. रित न पुगी वा म्याद नाघी आएको वा विभिन्न सर्त उल्लेख गरिएको दरभाउ पत् उपर कुनै कारवाही हुनै छैन. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरिक्षत रहने छ.

८. सामग्रीहरु यस कार्यालयको हाता भित्र आपूर्ति गर्नुपर्ने छ साथै ढुवानी सम्बन्धित दरभाउ पत्र दाताले बेहर्नु पर्ने छ.

९. बोलपत्रको BOQ मा कबोल गरको प्रति इकाई दररेट अनुसार, थप औषधि आवश्यक परेमा सोहि कबोल इकाई दररेटमा उपलव्ध गराउनु पर्ने छ.

१०.यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित ) बमोजिम हुने छ.

११.यो सूचना देवानगञ्ज गाउँपालिकाको वेभ साइट www.dewanganjmun.gov.np मा समेत राखिएको छ.

**तपशिल**

| क्र.स. | ठेक्का न. | विवरण | स्टिमेट रकम (VAT बाहेक) | विड सेकुरिटी रकम (रु.) | डकुमेन्ट रकम (रु.) | कै |
|---|---|---|---|---|---|---|
| १ | DRM/ Medicine/Supply/ ०१/२०८१/०८२ | बिभिन्न औषधि तथा सर्जिकल सामग्रीहरु | २११९६३५/०० | ६०,०००/०० | १,०००/०० | |

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

# नेप्सेमा झिनो अंकको वृद्धि

विराटनगर, २ पुस (हाम्रोमत)- गत बिहीबार र सोमबार उच्च दरले घटेको नेप्से मंगलबार २.९५ अंकले बढेर २६३३.८७ विन्दुमा बन्द भएको छ। यसदिन नेप्से परिसूचक बढे पनि कारोबार रकम भने घटेको छ।

गत कारोबार दिन अर्थात् सोमबार पाँच अर्ब ९३ करोडको सेयर कारोबार भएकोमा मंगलबार ४ अर्ब ३४ करोडको सेयर कारोबार भएको छ।

अघिल्लो दिनको तुलनामा कारोबार रकममा १ अर्ब ५९ करोड रूपैयाँ कमी आएको हो। यस दिन ३१८ वटा धितोपत्रको ८९ लाख ३९ हजार ३४८ कित्ता सेयर किनबेच भएको छ।

मंगलबार ११७ कम्पनीको सेयर मूल्य बढेको छ भने ११७ वटाको घटेको छ। यस्तै १० कम्पनीको मूल्य स्थिर रहेको छ। यसदिन सपोर्ट माइक्रोफान्सको मूल्य सर्वाधिक १० प्रतिशतले बढेको छ। सो कम्पनीको प्रतिकित्ता मूल्य दुई हजार ७५० रूपैयाँ कायम भएको छ।

जानकी फाइनान्सको मूल्य ९.८५ प्रतिशतले बढेको छ भने कुथेली बुखरी स्मल हाइड्रोपावरको मूल्य सर्वाधिक १० प्रतिशतले घटेको छ। सो कम्पनीको प्रतिकित्ता मूल्य २ हजार ९७० रूपैयाँमा झरेको छ। यस्तै दोस्रोमा आरबिबी म्युचुअल फण्ड-२ को मूल्य ५.४८ प्रतिशतले घटेर प्रति इकाइ मूल्य ९ रूपैयाँ ३१ पैसा कायम भएको छ।

मंगलबार जानकी फाइनान्सको सर्वाधिक कारोबार भएको छ। कम्पनीको प्रतिकित्ता मूल्य ८७९ रूपैयाँ ९० पैसामा २२ करोड २४ लाख रूपैयाँको सेयर कारोबार भएको छ। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा नेपाल फाइनान्स रहेको छ।

## पहिलो पृष्ठबाट बाँकी

### बढेन...

जसको उत्पादन कोशी प्रदेशमा हुन्छ। यस्तै चिया, छुर्पी, अदुवा, चाउचाउ, नेपाली कागजलगायतका वस्तुहरु पनि कोशी प्रदेशबाट निर्यात हुने वस्तुको सूचिमा छन्।

तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९-८० को देशगत तथ्याङ्क हेर्दा विभिन्न देशहरुमा केही वस्तुहरु बाहेक अधिकांश नेपाली वस्तुहरुको निर्यात बढ्दै गएको देखिन्छ। अलैंचीको निर्यात ७२ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०७८-७९ मा अलैंची ४ अर्ब ८१ करोड ३४ लाख ६५ हजार रुपैयाँको निर्यात हुँदा आर्थिक वर्ष २०७९-०८० मा भने बढेर ८ अर्ब २७ करोड ६८ लाख ५० हजार मूल्यबराबरको पुगेको छ। अलैंची भने भारत र पाकिस्तान जाने गरेको छ। तर, आर्थिक वर्ष २०८०-८१ मा भने अलैंची निर्यात घटेर ७ अर्ब ९४ करोड ९ लाख ६४ हजार रुपैयाँ बराबर पुगेको छ।

यस्तै चिया पनि आर्थिक वर्ष २०७८-७९ मा ३ अर्ब ४३ करोड ४३ लाख ५० हजारको निर्यात हुँदा, २०७९-०८० मा १४.६ प्रतिशतले बढेर ३ अर्ब ९३ करोड ७२ लाख ६६ हजार पुगेको छ। चिया भारतका साथै अमेरिका, जर्मनी, रुस, चेक रिपब्लिक, नेदरल्याण्ड, फ्रान्स, जापान र अष्ट्रेलिया जाने गरेको छ। आर्थिक वर्ष २०८०-८१ मा भने चिया निर्यात ३ अर्ब ६२ करोड ५० लाख १२ हजार रहेको छ।

यस्तै छुर्पी निर्यात पनि बढेको छ। आर्थिक वर्ष २०७८-७९ मा २ अर्ब ९१ करोड १९ लाख ३९ हजारको निर्यात भएको छुर्पी बढेर आर्थिक वर्ष २०७९-०८० मा ३ अर्ब ४० करोड ९० लाख ७३ हजार पुगेको छ। छुर्पी अमेरिका, क्यानडा, जापान, युके, सिङ्गापुर, हङकङ, कोरिया निर्यात हुने गरेको छ। छुर्पी निर्यात २०८०-८१ मा भने ३ अर्ब १८ करोड ४३ लाख २७ हजारको भएको छ।

पछिल्लो समय प्लाइउडको निर्यात पनि बढ्दो क्रममा छ। आर्थिक वर्ष २०८०-०८१ मा प्लाइउडको निर्यात ७ अर्ब ४१ करोड ५३ लाख २२ हजार बराबरको हुँदा अघिल्लो आर्थिक वर्ष भने प्लाइउडको निर्यात ४ अर्ब ७० करोड ५१ लाख ८१ हजार मात्रै थियो।

यस्तै अदुवाको व्यापार पनि बढेको देखिन्छ। आर्थिक वर्ष २०७८-७९ मा ६४ करोड १४ लाख ५६ हजारको अदुवा निर्यात भएपनि आर्थिक वर्ष २०७९-८० मा बढेर १ अर्ब २२ करोड २२ लाख ३३ हजार बराबरको निर्यात भएको देखाउँछ। आर्थिक वर्ष ८०-८१ मा भने १ अर्ब १७ करोड ६१ लाख ६९ हजार बराबरको अदुवा निर्यात भएको छ। अदुवा पनि भारत, जर्मनी, कतार र बंगलादेश जाने गरेको छ। यस्तै नेपाली कागज निर्यात भने घटेको छ। आर्थिक वर्ष २०७८-७९ मा १ अर्ब ८१ करोड ६८ लाख ८६ हजारको नेपाली कागज निर्यात भएपनि आर्थिक वर्ष २०७९-८० मा भने घटेर १ अर्ब १३ करोड ६५ लाख ५८ हजार बराबरको निर्यात भएको तथ्याङ्कमा उल्लेख छ। आर्थिक वर्ष २०८०-८१ मा भने १ अर्ब २ करोड ८ लाख ९० हजार बराबरको नेपाली कागज निर्यात भएको छ।

यस्तै अम्लिसोको निर्यात बढेको छ। आर्थिक वर्ष २०७८-७९ मा ६९ करोड ९८ लाख ६२ हजारको अम्लिसो निर्यात हुँदा आर्थिक वर्ष २०७९-८० मा भने १ अर्ब ८८ लाख बराबरको अम्लिसो निर्यात भएको छ। आर्थिक वर्ष ८०-८१ मा अम्लिसोको निर्यात १ अर्ब ३२ करोड ५२ लाख ५४ हजार बराबरको रहेको छ।

यस्तै जुट तथा जुटजन्य वस्तुको निर्यात पनि कोशीबाटै हुने गरेको छ। तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०-८१ मा जुट तथा जुटजन्य वस्तु ७ अर्ब ६४ करोड ३३ लाख ४३ हजार बराबरको निर्यात भएको छ। यस्तै धागो उत्पादन पनि कोशी प्रदेशको रिलायन्स स्पिनिङ मिलले गर्ने गरेको छ। आर्थिक वर्ष २०८०-८१ मा नेपालबाट धागो निर्यात १२ अर्ब २० करोड २८ लाख ५३ हजार बराबरको भएको छ।

### यस्ता...

निर्यातमा देखिएका कतिपय हडल्सहरु समाधानमा सरकारले ध्यान दिन सके खानेतेल मात्रै वार्षिक २ खर्ब बराबरको निर्यात हुनसक्ने उनी दाबी गर्छन्। 'अहिले पनि नेपालबाट करिब करिब वर्षको दुई खर्बको खाने तेल मात्रै निर्यात गर्ने सम्भावना छ। त्यसमा सोयाबिन, सनफ्लावर र पाम तेल रहेको छ। यस्तै धागोहरु पठाउन सक्छौं। सिमेन्टको सम्भावना पनि छ। तर, अहिले त्यो किन कम भएको छ भन्दा हाम्रो लागत बढी महँगो भयो। त्यसकारण पठाउन सकेका छैनौं,' उनले भने, 'अहिले पनि राम्रोसँगले प्लाइहरु गइरहेको अवस्था छ। जुट, जटिबुटीका कुरा पनि राम्रोसँगले ठूलो मात्रामा पठाउन सक्छौं। ती कुराहरुको प्रोसेसिङ युनिटहरु पनि यो क्षेत्रमा राख्न सक्छौं।'

नेपालमा उत्पादित अदुवा, अलैंची, चिया, अम्लिसो लगायतका वस्तुहरु पनि निर्यात बढाउन सकिने र त्यसका लागि उत्पादन बढाउनु पर्नेमा उनको जोड छ। 'हामीसँग भएका कृषिजन्य वस्तुहरु भनेको भ्यालुएडेट छन्। जसले हाम्रो निर्यातलाई बुस्ट गर्छ। त्यसमा हुने समस्या भनेको पनि गुणस्तरकै कुरा हो,' बोहोराले भने, 'अदुवा नेपालबाट भारत जान्छ। भारतले प्रशोधन गरेर अरु देशमा पठाउँछ। त्यो त नेपालमै पनि गर्न सकिन्छ। चियाको हाइभ्याल्लु कसरी बनाउन सकिन्छ ? हामीले कृषिजन्य वस्तुको निर्यातमा भ्यालुएडेट गर्न राज्य नै चनाखो हुनुपर्छ।'

व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका प्रमुख विष्ट पनि निर्यातमा हुने समस्या भनेको गुणस्तरमै रहेको बताउँछन्। 'पहिलो समस्या भनेको गुणस्तरीय उत्पादन नै हो। मुख्य कुरा विदेशीहरूले गुणस्तरीय मालवस्तु चाहन्छन्। हाम्रो अहिलेको उत्पादन पनि गुणस्तरीय नहुने गरेको छ,' उनले भने, 'अहिले अर्ग्यानिक मालवस्तुको माग धेरै छ।' निर्यात बढाउन उत्पादन बढाउन लाग्नुपर्नेमा उनले जोड दिए। 'उत्पादन बढ्यो भने गुणस्तरमा पनि हामी जान सक्छौं। त्यसपछि हामी ग्लोबल मार्केटमा पनि जान सक्छौं,' उनले भने, 'निर्यातको भविष्य राम्रो देख्छु म। तर, हाम्रो युवा जनशक्तिको विदेश पलायन रोकेर यही उत्पादनमा लगाउनु आवश्यक छ।'

### कोशीमा...

सिजन नभएको बेला मल बितरणमा कडाइ गरेकोले गहुँ खेतीका लागि चाहिने मल पर्याप्त भएको उनको दावी रहेको छ। आवश्यकता नभएको बेला सहकारीलाई दिँदै आएको मलमा कडाइ गऱ्यो उनले भने -'सिजनमा चाहिने मल किसानलाई अपुग भएन्।'

सुरुमा सिफारिस लिएर आए अनुसार नै सहकारीले मल दियो-'अहिले आवश्यकता अनुसार ५० बोराको दरले दिँदै आएका छौं। साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनी लिमिटेड दुवैको बिक्रेता एउटै संस्था भएकाले अभाव देखिने गरेको बताइएको छ। एक स्थानबाट मल लिएर किसानलाई वितरण गर्ने र अर्को ठाउँबाट लिने गरेको मल अन्यत्र बेचिने प्रबृत्तिले किसानले समय समयमा मल अभावको समस्या भोग्नु परेको पाइएको छ।

त्यसैगरी कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयले मंसिर महिनामा मात्रै विराटनगर स्थितको कार्यालयबाट युरिया २ हजार ७४९ टन, डिएपी २ हजार १९५ टन र पोटास २८३ टन बिक्री गरेको छ। त्यस्तै सुनसरी स्थित इटहरीको कार्यालयबाट युरिया १ हजार ५०६ टन, डिएपी ११ सय ७२ टन, र पोटास १२० टन बिक्री गरेको जनाएको छ। बिर्तामोडबाट युरिया १२ सय ८३ मेट, डिएपी १ हजार ५०५ टन र पोटास ९६ मेट्रिक टन बिक्री गरेको छ।

त्यसैगरी उदयपुरबाट युरिया १६९ टन, डिएपी ८५ टन बिक्री गरेको कार्यालयले जनाएको छ। धनकुटाबाट युरिया ९६ टन, डिएपी ५७ टन र पोटास २ टन बिक्री गरेको तथ्यांकमा उल्लेख छ।

कोशी प्रदेशभर कृषि सामग्री कम्पनी लिमिटेडले युरिया ५ हजार ८०५ टन, डिएपी ५ हजार १७ टन र पोटास ५०३ मेट्रिक टन बिक्री गरेको जनाएको छ।

### उद्योगमा...

औद्योगिक क्षेत्रको विद्युत् केही कटौती भएपनि अन्य ग्राहकका लागि विद्युत् आपूर्ति हुने प्राधिकरणले जनाएको छ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले प्राधिकरणले तालिका नै बनाएर उद्योगमा साँझ र बिहान विद्युत आपूर्ति बन्द गर्नु भनेको बताए। प्राधिकरणले तालिकै बनाएर विद्युत आपूर्ति बन्द गर्दा उद्योग झन थलिने उनले गुनासो गरे। तालिकामा पनि विद्युत आपूर्ति नहुने र अन्य समयमा पनि झ्याप झ्याप हुने समस्या रहेको उनको भनाइ छ।

हिउँदयाममा खोला तथा नदीमा पानी घट्दा नदी प्रवाही (रन अफ रिभर-आरओआर) जलविद्युत् आयोजनाको उत्पादन क्षमताभन्दा एक तिहाइ घट्ने गरेको छ। पिक आवरमा आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्ने गरेको प्राधिरकणले पछिल्लो समयमा सरकारकै असहयोगको कारण आयात गर्न सकेको छैन।

माथिल्लो तामाकोशी यही पुस १० गतेभित्र विद्युत् उत्पादन सुरु गर्ने गरी मर्मत भइरहेको छ। प्राधिकरणका अनुसार हिउँदयामको विद्युत् माग व्यवस्थापन गर्न भारतको केन्द्रीय विद्युत् प्राधिकरणले आगामी चैत २ गते ९१५ मार्च २०२५०सम्म ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत ६०० मेगावाट र टनकपुर-महेन्द्रनगर १३२ केभी प्रसारण लाइनबाट ५४ मेगावाट गरी दैनिक ६५४ मेगावाटसम्म विद्युत् आयात गर्न अनुमति दिएको छ। तर, पिकआवर अर्थात साँझ ५ देखि रातको ९ बजेसम्म भने विद्युत् आयात गर्ने अनुमति भारतले दिएको छैन।

भारतले चैत ३ गते २०८१ देखि असार १६ गते २०८२ ९१६ मार्च-३० जुन २०२५० सम्म सोलार आवर अर्थात बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र आयात गर्न पाउने स्वीकृति दिएको छ। पिकआवरमा विद्युत आयातको लागि सरकारी तवरबाटै भारतसँग संवाद गर्नुपर्नेमा घिसिङलाई असहयोग गर्ने योजनमा रेहको सरकारले कुनै पहल नगरेको प्राधिकरण स्रोतले जनाएको छ।

ऊर्जा,जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्का जसरी भए पनि भारतबाट विद्युत आयात गरेर स्वदेशी मागलाई धान्ने आश्वासन दिएका छन्। तर, त्यस अनुसार काम भएको छैन।

कार्यकारी निर्देशक घिसिङले माथिल्लो तामाकोशी पनि बन्द रहेको र पिक समयका ४ घण्टा भारतबाट विद्युत आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत केही कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको बताए। असोज ११ र १२ गतेको अविरला वर्षाका कारण माथिल्लो तामाकोशीका संरचनामा क्षति पुऱ्याएको थियो।

# झापामा 'नुनिया धानको पकेट क्षेत्र' घोषणा

◆ हाम्रोमत संवाददाता

*दमक, २ पुस*

झापाको शिवसताक्षी नगरपालिकाले परम्परागत धानको संरक्षण अभियानको क्रममा चार वडालाई लोपोन्मुख नुनिया धानको पकेट क्षेत्र घोषणा गरेको छ।

किसानले विगतमा खेती गर्न छाडेका कारण कालो लोपोन्मुख अवस्थामा पुगेको नुनिया मिठो स्वाद र सुगन्धका कारण महंगो मूल्यमा बिक्री हुन्छ।

शिवसताक्षी ७ मा रहेको कञ्चन जैविक विविधता संरक्षण विकास समितिसँग सहकार्य गरेर नगरपालिकाले नुनिया लगायत परम्परागत धानको बीउ संरक्षण र खेतीका लागि अभियान सञ्चालन गर्दै आएको नगरउपप्रमुख नरमाया कार्कीले बताइन्। उनले वडा नं. १, ४, ७ र १० लाई कालो नुनिया धानको पकेट क्षेत्र घोषणा गरिएको जनाउँदै नुनियाको खेती गर्ने किसानलाई धानखेती गरेको जमिनको मात्राका आधारमा आर्थिक अनुदानसमेत उपलब्ध गराउँदै आएको जानकारी दिइन्।

पुराना बालीमध्येको कालो नुनियालाई किसानको खेतबारीमा फलाउने हाम्रो प्रयास सफल भएको उपप्रमुख कार्कीले बताएकी छन्। नुनिया धान खेती प्रबर्द्धन गर्न नगरपालिकाले किसानलाई बीउ र अनुदान दिने गरेको छ।

कालो नुनिया धानको भात मिठो हुने र प्रतिमन ४ हजारका दरले बिक्री हुने जैविक विविधता संरक्षण समितिका अध्यक्ष डिल्ली पौडेलले बताए। समितिले किसानलाई कालो नुनियाको खेती गर्न प्रोत्साहित गरिरहेको हुँदा यसको खेती वर्षेनि विस्तार हुँदै गएको



छ। अन्य धानभन्दा ढिलो र थोरै फल्ने भएकाले किसानले विगतमा खेती गर्न छाडेका कारण कालो नुनिया लोपोन्मुख अवस्थामा पुगेको छ।

पछिल्लो समय कालो नुनिया धानको माग अत्यधिक बढेको हुँदा किसानले पनि खेतीमा चासो बढाएका छन्। समितिले यसपालि किसानलाई सात टन कालो नुनियाको बीउ बिक्री गरेको जनाएको छ।

परम्परागत बाली संरक्षणका लागि शिवसताक्षीमा २०६५ सालमा समितिको स्थापना भएको थियो। त्यसको एक वर्षपछि शिवसताक्षी वडा नं ७ मा परम्परागत बालीको बीउ बैंक स्थापना गरिएको थियो। बीउ संरक्षणका लागि शिवसताक्षी नगरपालिकाले ५० प्रतिशत लागत व्यहोर्दै आएको अध्यक्ष पौडेलले जानकारी दिए।

नगरपालिकाले कालो नुनिया धानमा प्रतिपाँच कठ्ठा ५ सय रुपैयाँ अनुदान दिँदै आएको छ। विगत दुई वर्षमा अनुदानका लागि ९ सय कठ्ठाको निवेदन परेको शिवसताक्षी नगरपालिकाका कृषि शाखा प्रमुख रविन भट्टराईले बताए। नगरभित्र ६ सय बिघा क्षेत्रफलमा कालो नुनिया धान लगाइएको कृषि शाखा प्रमुख भट्टराईले बताए।

समितिले शिवसताक्षीमा स्थापना गरेको बीउ बैंकमार्फत १२० प्रजातिका परम्परागत धानको संरक्षण गरेको जनाएको छ। शिवसताक्षी-७ को चन्द्रडाँगीमा समितिले भाडामा लिएको तीन कठ्ठा जग्गामा बीउका लागि एक सय सात प्रजातिका धान यसपालि फलाइएको समितिका अध्यक्ष पौडेलले बताए।

जुम्लामा फल्ने मार्सीदेखि पहाडको इलाममा पाइने दूधराज प्रजातिको धान समितिले फलाएको छ। पुराना धान र तरकारी बालीको बीउ नमासिउन् भनेर संरक्षणका लागि प्रयास गरिरहेको समितिको भनाइ छ।

नुनियाजस्तै बासनादार धानका रूपमा चिनिएको बासमतीका रातो, पहेँलो, कालो र टुँडे प्रजातिका धान समितिले फलाएको छ। कतारखेरा, कालो टुँडे बासमती, जङ्गली मन्सुली, रुद्राक्ष, जुङ्गे कालो बासमती, नाजिर, रातो बच्छी, चुल्ठे, बेलगुठी, रातो हाप्सा, होडबच्छी, सेतो बासमती, हाडीफोर, भोटाङे, चम्पासरी, सानो चनाचुर, अनदी, धनकुटे, लालबच्छी, बिरिमफूल, छोटी बासमती, रातो बासमती, रातो अनदी, गोडरा, अम्बरध्वज, दिरुवा, बदलधान, अनदी सेतो, झहर धान, समल चौरी, कोमल धान, गौमा धान, कनकजिर बासमती, कालो रातो अनदी, जिरासरी, अट्टे, राँगा धान, दुधराज, रासधान, मार्सी, अण्डी धान, अनदी रातो, हंसराज, रातो स्थानीय, तिल्की, रातो टुँडे बासमती, श्यामजिरा, घिउकुमारी, दोसरा, ठूलो मनसरा, सिकिचन, रामबेला, आपझुत्ते, जर्नेली, घिउपुरीलगायत धानको बिउ उत्पादन गरिएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाम्फेले नगरपालिकाले कृषिलाई प्राथमिकतामा राखेर काम गर्दै आएको र परम्परागत धान संरक्षणमा सहयोग गरिरहेको बताए।

## देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
कोशी प्रदेश, नेपाल

### औषधि खरिद सम्बन्धि दरभाउ पत्र आहवानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३ गते**

यस गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को लागि सार्वजनिक खरिद एन २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम विभिन्न औषधि तथा औषधि जन्य सामग्रीहरु दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले निम्न सर्तको अधिनमा रही विधुतीय प्रणालीको माध्यमबाट बोलपत्र पेश गर्न आहवान गरिएको छ।

**शर्तहरुः**

१. इच्छुक दरभाउपत्र दाताले यस कार्यालयको नाममा रहेको NIC ASIA बैंकको आन्तरिक राजश्व खाता नं. २४३२०५००२६४५५००७ मा फारम दस्तुर र विड सेकुरेटी रकमको बोलपत्रक खोल्ने दिन देखि ९० दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा।पा।को धरौटी कोष खाता नं.२४३CA५००२१९१७००२ मा जम्मा गरेको बैक भोचर औषधि व्यस्था बिभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं. मु.अ.क. दर्ता सहित आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपिहरु सहित सूचना प्रकाशित मितिले ३१ दिन १२:०० बजे सम्म विधुतीय प्रणालीको माध्यमबाट दर्ता गर्न सकिने छ।
२. दर्ता भएका दरभाउपत्रहरु अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगंज गाउँपालिकाको कार्यालय देवानगंजमा खोलिने छ। दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थिति नभएपनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यालयहरु बिदाको भोलिपल्ट कार्यालय खोलेको दिन सोहि बमोजिम हुनेछ।
३. दरभाउ पत्र भर्दा मु.अ.क. बाहेको दर रेट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहि छाप भएको हुनु पर्नेछ।
४. औषधि आपूर्ति गर्दा WHO GMP Certified Company हरु बाट उत्पादित औषधिहरु आपूर्ति गर्नुपर्ने छ। साथै औषधिहरुको Expiry Date आपूर्ति गरिने समयदेखि कम्तिमा १८ महिनासम्म रहनुपर्ने छ।
५. बोतलमा प्याकिंग हुने औषधिहरु सबै प्लास्टिकको बोतलमा हुनुपर्ने छ।
६. औषधि आपूर्ति गर्दा औषधिको लेवेलमा 'नेपाल सरकार बाट निःशुल्क वितरणको लागि' भन्ने लोगो हुनु पर्नेछ।
७. रित न पुगी वा म्याद नाघी आएको वा विभिन्न सर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरिक्षत रहने छ।
८. सामग्रीहरु यस कार्यालयको हाता भित्र आपूर्ति गर्नुपर्ने छ साथै ढुवानी सम्बन्धित दरभाउ पत्र दाताले बेहर्नु पर्ने छ।
९. बोलपत्रको BOQ मा कबोल गरको प्रति इकाई दररेट अनुसार, थप औषधि आवश्यक परेमा सोहि कबोल इकाई दररेटमा उपलव्ध गराउनु पर्ने छ।
१०. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।
११. यो सूचना देवानगंज गाउँपालिकाको वेभ साइट www.dewanganjmun.gov.np मा समेत राखिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का न. | विवरण | स्टिमेट रकम | वि. सेकुरिटी रकम | डकुमेन्ट रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | DRM/ Medicine /Supply/ ०१/२०८१/०८२ | बिभिन्न औषधि तथा सर्जिक सामग्रीहरु | २११९६३५/०० | ६०,०००/०० | १,०००/०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Nepal Oil Corporation Limited

Koshi Province, Biratnagar, Nepal

### Invitation for Sealed Quotation

**Date of First Publication: 2081/09/03**

Nepal Oil Corporation Limited, Biratnagar invites sealed quotations from Nepalese eligible bidders for the following project.

| S. No | Sealed Quotation No. | Project Title | Document Fee in NPR (Non-refundable) | Last Date of Submission | Last Date of Opening |
|---|---|---|---|---|---|
| 1 | Tender/NOC/P1/081/82-01 | Construction of Security House at NOC Depot | 1,000.00 | Poush 18, 2081 (12:00 Noon) | Poush 18, 2081 (2:00 PM) |

1. Eligible Bidders may purchase or inspect the Bidding Document from the Provincial office of Nepal Oil Corporation Limited, Biratnagar. on the submission of a written application, along with the copy of firm/registration certificate before 3pm, 17th Poush, 2081.
2. Payment for the Quotation Document (Document Fee and Bid Security Amount) can be made to the account as specified below and should attach the original bank deposit voucher together with the hard copy of Quotation Documents during submission.
   ***Name of the Bank:*** *Nabil Bank Limited ,* ***Branch:*** *Biratnagar*
   *Office Account no.:0701010449101*
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Nepal Oil Corporation Limited, Biratnagar. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 52,000**, which shall be valid for 30 days beyond the validity period of the bid.
4. NOC reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

अम्बे ईंट्टा
अम्बे ईंट्टाद्वारा उत्पादित उच्च
गुणस्तरीय अम्बे ईंट्टा
सँधै प्रयोग गर्नुहोस् ।
उत्पादक:
अम्बे ईंट्टा (प्रा.)लि.
मोरङ नेपाल ।
मार्केटिङ:
मो.: ९८५२०२४०५४

खुला शिक्षा बाट 100% पास नि:शुल्क भर्ना
प्राईभेट SEE/+2
कोरीयन जापानिज अंग्रेजी Basic & Advance
Computer Training
युनिभर्सल एकेडेमी एण्ड कम्प्युटर सेन्टर
बिराटनगर-४, चाँदनी चौक, मोरङ, नेपाल ☎9810548301

सम्पर्क : ००९७७-९८४२०४१७५४
Modern Homeo Clinic
मोर्डन होमियो क्लिनिक
केशलिया रोड, नहर चोकदेखि उत्तर, अमान नगर, भद्रा
डा.मो शरीफ आलम
Dr. Md. Sareef Alam
B.H.M.S. (India), M.P.H. (USA)
Affiliated center, Bangladesh
Regd. No.: A-17
सबै प्रकारका बिरामीहरुले होमियो क्लिनिकमा सम्पर्क गर्नुहोस् ।
बिहान ९:०० बजेदेखि २:०० बजेसम्म, बेलुका ४:०० बजेदेखि ७:०० बजेसम्म
शनिबार २ बजेसम्म मात्र खुल्ला रहनेछ ।
ईमेल : drsalam6@gmail.com, Whatsapp No.: 00977-9842041754

मुख तथा दाँतको कुनैपनि समस्याको गुणस्तरीय उपचारको लागि अवस्य सम्झिनै पर्ने ठाउँ
डा शेखर कुमार मण्डल
Dental Surgeon
"तपाईंको नयाँ मुस्कानको सुरुवातको लागि"
रोडशेष डेण्टल जोन
रोडशेष चोक, बिराटनगर-१२
सम्पर्क: 9820-700-005